༄༅། །ལམ་གཙོ་རྣམ་གསུམ་བཞུགས་སོ། །

भट्टारक गुरु चोङ्खापा सुमतिकीर्तिविरचित

त्रिमूलपथ

Three Principle Aspects of the Path

व्याख्याकार:

परम पावन पूज्यनीय धर्मगुरु चौधौं दलाई लामा।

अनुवादक:

टिका शेर्पा तथा मिलन शाक्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(त्रिरत्न अनुवाद समिति)

༄༅། །ལམ་གཙོ་རྣམ་གསུམ་བཞུགས་སོ།།

Three Principle Aspects of the Path

भट्टारक गुरु चोङ्खापा सुमतिकीर्तिविरचित

त्रिमूलपथ

व्याख्याकार :

परम पावन चौधौं दलाई लामा

प्रकाशक

श्रद्धेय पेम्बा तेन्जीन शेर्पा

अनुवादक:

त्रिरत्न अनुवाद समिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



परम पावन पूज्यनीय धर्मगुरु चौधौं दलाई लामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भट्टारक गुरु चोङ्खापा सुमतिकीर्तिविरचित

त्रिमूलपथ

व्याख्याकार :

परम पावन चौधौं दलाई लामा

संस्करण: प्रथम, १५०० प्रति

प्रकाशन मिति:

बुद्ध सम्वत्: २५५४

टाईप, सेटिङ्ग, डिजाइन, मुद्रण:

Shambala
GRAPHIC DESIGN
Boudha-6, Kathmandu
Ph.: 2143432

ISBN No.: 978-9937-2-2322-5

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२५५४ औं बुद्ध जयन्तीको पावन अवसरमा प्रकाशित

अनुवादकको कलमबाट

परम पावन पूज्यनीय धर्मगुरु चौधौं दलाई लामा शान्ति र अहिंसाका प्रतिमूर्ति हुनुहुन्छ भन्ने कुरा सर्वविदितै छ । तिब्बती महायान परम्परा अन्तर्गत उहाँलाई करुणाका प्रतीक आर्य अवलोकितेश्वरको साक्षात अवतारको रुपमा आदर गर्ने परम्परा परापूर्वकालदेखि रहिआएको छ । शान्ति, अहिंसा र मैत्रीप्रति प्रतिवद्ध परम पावन धर्मगुरु चौधौं दलाई लामाद्वारा सन् १९८१ मा बुद्धगयाको बोधिवृक्ष सम्मुखबाट प्रदान गर्नुभएको धर्मोपदेश ༄༅།།ལམ་གཙོ་རྣམ་གསུམ།། सम्भोटामूलको अंग्रेजी व्याख्यालाई हामी अनुवादकद्वयं टीका शेर्पा (थुप्तेन काल्साङ) र मिलन शाक्यले अङ्ग्रेजी भाषाको अनुवाद Three Principle Aspects of the Path बाट नेपाली भाषामा सर्वसाधारण सबैले सरल ढङ्गबाट धर्मको सही व्याख्या वा मर्मलाई वुझ्न सकुन् भन्ने हेतुले अनुवाद गर्ने जमर्को गरेका हौं । यस पवित्र पुस्तकमा परम पावन पूज्यनीय धर्मगुरुले विशेष गरी वैराग्य, वोधिचित्त र शून्यताको सम्यक दृष्टिको गहन र गम्भीर विषयलाई अत्यन्तै सुन्दर, सरल र कलात्मक ढङ्गले प्रस्तुत गर्नुभएको छ । सामान्यतय मानवले संसार र निर्वाणप्रति हेर्ने दृष्टि, बोधिचित्त जगाउने उपाय अनि मिथ्यादृष्टिलाई प्रहाण गर्दै शून्यताको सही दृष्टि कसरी बुझ्न वा ग्रहण गर्न सकिन्छ भन्ने बारे सुन्दर शैलीमा गर्नुभएको व्याख्या ज्यादै घत लाग्दो छ । हामीले यो पुस्तक लोकप्रियताको लागि नभई परम पावन पूज्यनीय धर्मगुरुको मुखारविन्दबाट प्रस्फुटित करुणादायी वाणीहरुलाई जनमानस समक्ष पुऱ्याउने हेतुले सरल नेपाली भाषामा अनुवाद गरेका हौं । यस पुस्तकको प्रकाशन गर्ने भार लिनुभएकोमा हामी श्रद्धेय पेम्बा तेन्जीन शेर्पाज्यूप्रति आभारी छौं । अनुवादको लागि हामीलाई विशेष हौसला प्रदान गर्नुहुने श्रद्धेय गुरु खाङसेर टुल्कु रिन्पोछेज्यू, खेन्पो जिक्डोलज्यू र यस पुस्तकको सम्पादनमा विशेष सहयोग पुऱ्याउनु हुने श्री सम्पूर्ण कुमार लामाज्यू र लोचावा पुण्य प्रसाद पराजुलीज्यूमा हार्दिक साधुवाद टक्र्याउन चाहन्छौं । यद्यपि अनुवादन तथा प्रकाशनमा कुनै त्रुटिहरु हुन गएमा क्षमा याचना गर्दै पाठक वर्गबाट रचनात्मक एवं अमूल्य सल्लाह सुझावको समेत अपेक्षा गर्दछौं ।

भवतु सर्वमङ्गलम् ।

भवतु सब्बमङ्गलम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रिमूलपथ

आज हामी सबै यस पावन भूमि बुद्धगयामा बसिरहेका छौं । त्यसकारण हामीले एक विशेष खालको चित्तको विकास गर्नुपर्ने हुन्छ । त्यस्तो चित्तलाई बोधिचित्त भनिन्छ अर्थात् सबै सत्वहरूका लागि बोधि लाभ गर्ने संकल्प । यो चित्त पूर्णरूपले विशुद्ध हुनुपर्दछ । भगवान् बुद्ध स्वयंले पनि यही विशुद्ध बोधिचित्तको बलद्वारा सम्यक् सम्बोधि लाभ गर्नुभएको थियो । सबै गुण र लाभ यहीं बोधिचित्तमै आश्रित रहेको हुँदा हामीले पनि यथासम्भव बोधिचित्तोत्पाद गरेर यसलाई अझ उत्तरोत्तर वृद्धि गर्दै लैजानका लागि भित्री हृदयले प्रार्थना गर्नुपर्दछ ।

यस्ता किसिमका उपदेशहरूबाट यी अन्तिम दिनहरूमा हामीले केही पुण्य प्राप्त गरेका छौं । त्यसैले आज पनि यस्तै किसिमको उपदेशलाई निरन्तरता दिऔं । आजको उपदेशको शीर्षक छ : **त्रिमूलपथ** । यसका रचयिता जेचोङ्खापा सुमति कीर्ति हुनुहुन्छ । त्रिमूलपथ भन्नाले बुद्धधर्मका निम्न तीन अत्यावश्यक पूर्वाधारहरू हुन् ।

१. वैराग
२. बोधिचित्त
३. शून्यताको सम्यक दृष्टि

वैराग त्यस्तो मनस्थितिमा आधारित हुन्छ जसको सहाराले हामी भवचक्र वा संसारका सबै इच्छा आकांक्षा (अष्ट लोक धर्म) बाट आफूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

१. त्रिमूलपथ मूलग्रन्थको व्यांख्या —— १

२. त्रिमूलपथ सम्भोटा लिपिमा —— २९

३. शब्द अर्थ —— २५

४. परिणामना —— ३२

५. त्रिमूलपथको अंग्रेजी अनुवाद —— ३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्द्रकीर्तिले व्याख्यागरेबमोजिमको भ्रमरहित पूर्ण शून्यताको ज्ञान अपरिहार्य रहेको छ। यी बाहेक पनि तन्त्रयानमा सूक्ष्म चित्त र विज्ञानबाट उत्पन्न शक्तिको कारण दैवी मान वश हामीले बुद्धको रूपकाय वा धर्मकाय वा दुवै प्राप्त गर्ने गौरव प्राप्त गर्छौं। मार्गमा रहेका बेला वा साधनाको अवस्थामा हामीले यी कायहरू साँच्चिकै प्राप्त गरिसकेका हुँदैनौं। तैपनि सबै सत्वहरूको हितका लागि बोधि लाभ गर्ने प्रबल वा उत्तम बोधिचित्तमा आधारित भएर विस्तारै विस्तारै हामी देवकायको ध्यान अभ्यासद्वारा ती सबै हासिल गर्न सक्षम हुँदै जानेछौं।

तसर्थ त्रिमूलपथ सम्पूर्ण सूत्र र तन्त्र मार्गका प्रमुख आधार नै हुन्। जस्तोसुकै अवस्थामा पनि हामीले प्रज्ञा र उपायको एकीकृत अभ्यास गरेर परार्थ क्रिया गर्दै पुण्य तथा ज्ञान संभार गर्नुपर्छ।

यो ग्रन्थ एकदम छोटो छ, यसका केही श्लोकहरू मात्रै छन्। मैले पनि सर्वप्रथम ताक्थर रिन्पोछे, ठिंज्याङ रिन्पोछे लगायत धेरै गुरुहरूबाट यो ग्रन्थको शिक्षा प्राप्त गरेको थिएँ। यस्ता उपदेशहरू सुन्नको लागि सबैभन्दा पहिले आफ्नो आशय वा मतिलाई विशुद्ध पार्नुपर्छ। हाम्रो मनसाय दयाले भरिपूर्ण छ भने सबै सुखको श्रोत यहीं नै हुनेछ। यदि यस्तो चित्त हामीसंग छैन भने वा हामी निकै घमण्डी, आडम्बरी इत्यादि छौं भने हामीलाई दुःख र असजिलो नै भैरहने छ। भविष्यको जुनीमा हामी शीलवान् हुने हो वा, विनीत हुने हो अथवा रुखो, जंगली हुने हो सबै कुरो यस जुनीमा हाम्रो व्यवहार कस्तो छ त्यसैमा निर्भर हुने हो। पुनर्जन्मलाई मान्दै नमाने पनि यही जुनीमै पनि दयालु भए सुखी नै भइन्छ र उद्दण्ड बद्‌मास भए दुःखी भइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्णरूपले अलग पार्न सक्छौं । त्यस्तो मनस्थितिलाई नै वैराग भनिन्छ । मुक्ति प्राप्त गर्नका लागि हामीसंग वैराग चित्त अनिर्वायरूपले हुनुपर्दछ । बोधिचित्त सबै सत्वहरूका निमित्त सम्यक् सम्बोधि लाभ गर्ने एक अटल संकल्प वा आकांक्षा हो । शून्यताको सम्यक दृष्टि भन्नाले धर्मको यथार्थ स्वरूप (भूतकोटी वा तथता) लाई साक्षात्कार गर्नु वा यथाभूत-दर्शन वा तत्व-दर्शन हो । यस सम्यक् दृष्टिका सम्बन्धमा भन्नुपर्दा वैरागले युक्त चित्तले शून्यता दर्शन, तत्वदर्शन वा निःस्वभावताको दर्शन गरेको खण्डमा मात्र मोक्ष लाभ हुन्छ । मोक्ष वा मुक्ति प्राप्त हुन नदिने धेरै विघ्नवाधाहरू हुन्छन् जसलाई क्लेशावरण भनिन्छ । क्लेशावरणले गर्दा हामी भवसागर वा संसारमा किंकतर्व्यविमूढ भई भौंतारिन्छौं । त्यसैले क्लेशावरणलाई नाश गरिनुपर्दछ । यदि बोधिचित्तोत्पाद सहित शून्यताको साक्षात्कार गरिएको छ भने स्वभावसत्तालाई ग्राह गर्ने सूक्ष्म ज्ञेयावरण पनि नाश हुने भएकोले सम्यक् सम्बोधि लाभ गर्न सकिन्छ । त्यसैले शून्यता दर्शन सबै प्रकारका आवरणहरू, विघ्नबाधाहरूलाई समूल नष्ट गर्ने प्रतिपक्ष हो र यसको लागि कि त वैराग भावना हुनुपर्छ कि त वैराग र बोधिचित्त दुवै हुनु अति आवश्यक छ ।

श्रावकयानी उपदेशमा निर्वाणसम्म पुग्नका लागि वैराग र अनात्म दृष्टिको खाँचो औंल्याइएको हुन्छ भने महायानमा बोधिचित्त पनि थपिने हुँदा सबै प्रकारका आवरणहरू पूर्णरूपले नष्ट भएर जान्छन् । सूक्ष्म शरीर, प्राण, वायु, नाडी, चक्र र विन्दुको प्रयोग हुने तन्त्रयानका लागि पनि पूर्वाधारका रूपमा यहीं त्रिमूलपथ अर्थात् अति प्रबल वैराग, अति प्रबल वोधिचित्त र त्यसैगरी नागार्जुन र उहाँका दुई औरस पुत्रहरू आर्यदेव र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्पष्टसंग त उल्लेख भएको देखिँदैन तर पनि पाश्चात्य मुलुकका चिकित्सकहरूले भनेझैं यो हाम्रो स्वास्थ्यका लागि निकै हानिकारक वा खतरनाक हुन्छ। धूम्रपानमा केही लाभ वा केही प्रयोजन भइदिएको भए ठीकै थियो तर धेरैजसो त्यस्तो हुँदै हुँदैन । त्यसैले धूम्रपान नगर्नु नै सबैभन्दा उत्तम । त्यसरी नै सुर्ती इत्यादि मादकपदार्थहरूको सेवन पनि अत्यन्तै खराव बानी हो । यी सबै चीजहरू प्रयोगै नगरे उचित हुन्छ । यस किसिमले यस्ता कुलतहरूलाई त्यागेर हामी अझ विनीत, सभ्य र सुध्रिएको व्यक्ति बन्न सक्छौं । जति हामी यस्तो असल व्यक्ति बन्न सक्यौ त्यति नै राम्रो । अन्य सज्जन् महिला तथा पुरुषहरू देख्दा पनि भित्री हृदयदेखि उनीहरूको अनुमोदन एवं अनुकरण गरेर आफू पनि उनीहरू जस्तै सज्जन् र सुसंस्कृत बन्ने चेष्टा गर्नुपर्छ । के तपाईं यो कुरा बुझ्नुहुन्छ ? सज्जन्, विनीत, दयालु र स्नेहवान् हुने कुरामा अझ सजग रहनुहोस् । अशिष्ट, असभ्य, स्वार्थी र उद्दण्ड हुँदा धेरै बेफाइदाहरू हुन्छन्, ती बेफाइदाहरूलाई हेर्नुहोस् । यी कुराहरूको हामीले सदैव ख्याल राख्नुपर्दछ । हामी दयालु भयौं भने सुखी, लाभान्वित हुने त हामी नै हौं र त्यसले गर्दा हाम्रो स्वास्थ्य पनि राम्रो हुनुको साथै मनको शान्ति पनि कायमै भइराख्दछ । यस्तो कुराले मेरो सोचाइमा धेरै नै सहयोग गर्दछ । आखिर हामी सबै समान नै छौं, हामी सबै सुख नै चाहन्छौं । त्यसकारण हामी सबैले त्यही गर्नुपर्‍यो, अर्थात् सज्जन् र दयालु हुन सिक्नुपर्‍यो ।

तिब्बतबाट यता आएका र आइरहेका मानिसहरूलाई हेर्नुहोस् । आफूले बीसौं वर्षदेखि भोग्दै आइरहेका दुःख पीँडाहरूका बारेमा उनीहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तसर्थ हाम्रो दैनिक व्यवहार अत्यन्तै महत्वपूर्ण छ। पुनर्जन्म नमाने पनि विनीत नम्र बन्दैमा के नै विग्रन्छ र ? पुर्नजन्म मान्ने हो भने त विनीत र दयालु व्यक्ति हुँदा कति मात्र लाभ हामीलाई हासिल हुँदा हुन् ? त्यसैले सबैप्रति मित्रवत् तरीकाले दयालु भएर व्यवहार गर्नुपर्दछ, यस्तो कुरा केवल सिद्धान्तमा मात्र सीमित राख्ने होइन। साँच्चै हाम्रो जीवनमा मानिसहरूसंग व्यवहार गर्दा, साँच्चै परिस्थितिको सामना गर्दा यस्ता कुराहरूको अभ्यास गर्नुपर्दछ। धर्मको सार पनि यही हो र त्यसलाई अनुसरण गर्न त्यति गाह्रो पनि छैन। यो कुनै बजारमा गएर किनेर पाइने वस्तु होइन, बरु यसलाई त हामी आफैले अभ्यास गर्नुपर्दछ।

उदाहरणको लागि चिनियाँहरूलाई हेर्नुहोस् न। उहाँहरू हाम्रा करुणाका सही पात्र हुनुहुन्छ। के ठीक के बेठीक यी सब कुरा उहाँहरूलाई थाहा छैन। आफूद्वारा गरिएका कर्मको फलका बारे पनि हेक्का छैन उहाँहरूलाई। त्यसैले उहाँहरूप्रति हामीले करुणा राख्नैपर्छ। तपाई र हामीं सबैले दयालु र सुध्रिएको व्यक्ति बन्न प्रयत्न गर्नुपर्दछ। जाँडरक्सी सेवन गर्ने जँड्याहाहरूलाई हेर्नुहोस्। एकदम नराम्रो संस्कार हो यो। पिएर उनीहरू मात्तिन्छन्, जथाभावी बोल्दै हिड्छन्, छाडा, रुखा र उच्छृङ्खल हुन्छन् र होहल्ला मच्चाएर अरूलाई दुःख दिन्छन्। भगवान् बुद्धले भन्नुभएको छ कि मद्यपानको फलस्वरूप हामीले काय, वाक र चित्त, तीनै द्वारबाट थुप्रै अकुशल कर्महरू संचय गर्न पुग्दछौं। त्यसैले मद्यपान गर्नु किमार्थ राम्रो होइन। त्यस्तै धूम्रपान पनि कुलत हो। भदन्त भगवान वुद्धको उपदेशमा धूम्रपान त्याग्नुपर्ने र त्यसका बेफाइदाका वारे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्दै आइरहेको छु। म जहाँ जुनसुकै ठाउँमा गए पनि त्यहाँका जतिसुकै विभिन्न जाति, रङ्ग, राष्ट्रियता, धर्मका मानिसहरूलाई भेटे पनि, आखिर हौं त सबै मानिस नै, त्यस हिसाबले सबैलाई समान नै ठान्छु। केही समय उनीहरूसंग बिताएर केही कुराकानीहरू गरेर हेर्‍यौं भने सबैक उहि मानवीय मूल्य भएको नै पाउँछौ। यो के हो त ? सबै सुखी हु चाहन्छन्, कोही पनि दुःखी हुन चाहँदैनन्। तपाईंले मेरो कुर बुझ्नुभयो ? म जे भन्दैछु त्यो बुझ्नलाई त्यति गाह्रो छैन, गाह्रो छ त वुझ्नुभयो होला है ? दयालु मानिस बन्नुहोस्। तपाई यहाँ बोधगयाम आउनुभएको छ र दलाई लामाबाट धर्मदेशना सुन्दै हुनुहुन्छ। तस खरायोले जस्तै कान ठाडो पारेर श्रद्धेय गुरु चोङ्खापाका त्रिमुलपथव विषयमा उपदेश सुन्नुहोला।

श्रद्धेय गुरु चोङ्खापा सुमति कीर्तिको जन्म तिब्वतको आम्द प्रान्तमा भएको थियो। पछि उहाँ 'उचाङ्' का केन्द्रीय प्रान्तहरूमा गए धेरै गुरुहरूसित अध्ययन गर्नुभयो। उहाँ सूत्र र तन्त्र दुवैको व्याप अध्ययन गरेपछि पूर्णरूपले प्रकाण्ड विद्वान हुनुभयो। उहाँले भारतीय मू ग्रन्थ तथा भाष्यहरूको आधारमा १८ ठेली बौद्ध ग्रन्थहरूको रचन गर्नुभयो। यस त्रिमूलपथको विशेष उपदेश उहाँका धेरै शिष्यमध्ये ए शिष्य ङावाङ् ड्राक्पा (वागीन्द्रकीर्ति) लाई दिनुभएको थियो

श्रद्धेय चोङ्खापाका त्रिमूलपथ र मार्गक्रम यी दुई उपदेशबी शैलीगत हिसावले केही भिन्नताहरू देखिन्छन्। त्रिमूलपथका सन्दर्भ वैराग्य विषयलाई दुई खण्डमा व्याख्या गरिएको पाईन्छ। पहिलो खण्ड

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केही बोल्दैनन्, आफूहरू अत्यन्तै दयनीय तथा दुःखी भएको कुरा पनि गर्दैनन्। उनीहरू त धर्ममा असाध्यै अभिरुचि भएको कारणले यहाँ आएका हुन्। यहाँ बस्दै आइरहेका हामी तिब्बतीहरूले चिनियाँहरूका विरुद्ध कुनै पनि प्रकारको बदलाको भावना राख्नुहुन्न। यस पावन भूमि भारतमा बस्ने र यहाँ धर्मको अभ्यास गर्ने जुन सुअवसर हामीले पाइराखेका छौं त्यसका लागि हामीले आफूलाई एकदम भाग्यमानी ठान्नुपर्ने हुन्छ। म अरू पनि मानिसहरूलाई चिन्दछु। ती मानिसहरूलाई चिनियाँहरूले निकै ठूलो यातना दिएका छन् र त्यहीं स्थानमा बन्दी पनि बनाएका छन्। बौद्ध धर्मको अभ्यास मात्र नभएको भए क्रोध र द्वेषको कारणले उनीहरू पागल नै हुने थिए। त्यसैले त्यसरी क्रोधित हुनुहुन्न। यसको सट्टा विनीत र दयालु हुन सिक्नुपर्दछ। यो अत्यन्तै महत्वपूर्ण कुरा हो। हाम्रो मृत्युका वेलामा यसले अत्यन्तै ठूलो प्रभाव पार्नेछ। हिटलरलाई हेर्नुहोस् त। जिन्दगीभर ऊ निकै शक्तिशाली रह्यो, तर मर्नेबेला ऊ यति छटपटियो, र पीँडाग्रस्त भयो कि उसले आखिर विष खाएरै मर्नुपर्‍यो। स्टायलिनको पनि त्यसरी नै मृत्यु भयो र माओत्सेतुङ्गले पनि धेरै नै कठिनाइ झेलेर देह त्याग गरेका थिए। त्यसकारण, जिन्दगीभर नै हामी दयालु र स्नेहवान हुनु अति आवश्यक छ। यसको फलस्वरूप मर्ने बेलामा हामी शान्तिपूर्वक र सुखसाथ मर्न सक्छौं।

मैले भ्रमण गरेका सबैजसो मुलुकहरूमा मैले यही कुरा नै भन्ने गर्छु। चाहे पश्चिमी मुलुकमा होस् वा रसियामै होस्, जहिले पनि म उनीहरू सबैलाई दयालु बनी सबैप्रति भेदभावरहित ढङ्गले मित्रवत् तरीकाले व्यवहार गर्ने र सबैलाई समानरूपले माया ममता प्रदान गर्ने कुरा नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्दै आइरहेको छु । म जहाँ जुनसुकै ठाउँमा गए पनि त्यहाँका जतिसुकै विभिन्न जाति, रङ्ग, राष्ट्रियता, धर्मका मानिसहरूलाई भेटे पनि, आखिर हौं त सबै मानिस नै, त्यस हिसाबले सबैलाई समान नै ठान्छु । केही समय उनीहरूसंग बिताएर केही कुराकानीहरू गरेर हेऱ्यौं भने सबैका उहि मानवीय मूल्य भएको नै पाउँछौ । यो के हो त ? सबै सुखी हुन चाहन्छन्, कोही पनि दुःखी हुन चाहँदैनन् । तपाईंले मेरो कुरा बुझ्नुभयो ? म जे भन्देछु त्यो बुझ्नलाई त्यति गाह्रो छैन, गाह्रो छ त ? वुझ्नुभयो होला है ? दयालु मानिस बन्नुहोस् । तपाई यहाँ बोधगयामा आउनुभएको छ र दलाई लामाबाट धर्मदेशना सुन्दै हुनुहुन्छ । तसर्थ खरायोले जस्तै कान ठाडो पारेर श्रद्धेय गुरु चोङ्खापाका त्रिमुलपथको विषयमा उपदेश सुन्नुहोला ।

श्रद्धेय गुरु चोङ्खापा सुमति कीर्तिको जन्म तिब्वतको आम्दो प्रान्तमा भएको थियो । पछि उहाँ 'उचाङ्' का केन्द्रीय प्रान्तहरूमा गएर धेरै गुरुहरूसित अध्ययन गर्नुभयो । उहाँ सूत्र र तन्त्र दुवैको व्यापक अध्ययन गरेपछि पूर्णरूपले प्रकाण्ड विद्वान हुनुभयो । उहाँले भारतीय मूल ग्रन्थ तथा भाष्यहरूको आधारमा १८ ठेली बौद्ध ग्रन्थहरूको रचना गर्नुभयो । यस त्रिमूलपथको विशेष उपदेश उहाँका धेरै शिष्यमध्ये एक शिष्य ङावाङ् ड्राक्पा (वागीन्द्रकीर्ति) लाई दिनुभएको थियो ।

श्रद्धेय चोङ्खापाका त्रिमूलपथ र मार्गक्रम यी दुई उपदेशबीच शैलीगत हिसावले केही भिन्नताहरू देखिन्छन् । त्रिमूलपथका सन्दर्भमा वैराग्य विषयलाई दुई खण्डमा व्याख्या गरिएको पाईन्छ । पहिलो खण्डमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केही बोल्दैनन्, आफूहरू अत्यन्तै दयनीय तथा दुःखी भएको कुरा पनि गर्दैनन्। उनीहरू त धर्ममा असाध्यै अभिरुचि भएको कारणले यहाँ आएका हुन्। यहाँ बस्दै आइरहेका हामी तिब्बतीहरूले चिनियाँहरूका विरुद्ध कुनै पनि प्रकारको बदलाको भावना राख्नुहुन्न। यस पावन भूमि भारतमा बस्ने र यहाँ धर्मको अभ्यास गर्ने जुन सुअवसर हामीले पाइराखेका छौं त्यसका लागि हामीले आफूलाई एकदम भाग्यमानी ठान्नुपर्ने हुन्छ। म अरू पनि मानिसहरूलाई चिन्दछु। ती मानिसहरूलाई चिनियाँहरूले निकै ठूलो यातना दिएका छन् र त्यहीं स्थानमा बन्दी पनि बनाएका छन्। बौद्ध धर्मको अभ्यास मात्र नभएको भए क्रोध र द्वेषको कारणले उनीहरू पागल नै हुने थिए। त्यसैले त्यसरी क्रोधित हुनुहुन्न। यसको सट्टा विनीत र दयालु हुन सिक्नुपर्दछ। यो अत्यन्तै महत्वपूर्ण कुरा हो। हाम्रो मृत्युका वेलामा यसले अत्यन्तै ठूलो प्रभाव पार्नेछ। हिटलरलाई हेर्नुहोस् त। जिन्दगीभर ऊ निकै शक्तिशाली रह्यो, तर मर्नेबेला ऊ यति छटपटियो, र पींडाग्रस्त भयो कि उसले आखिर विष खाएरै मर्नुपऱ्यो। स्टायलिनको पनि त्यसरी नै मृत्यु भयो र माओत्सेतुङ्गले पनि धेरै नै कठिनाइ भोलेर देह त्याग गरेका थिए। त्यसकारण, जिन्दगीभर नै हामी दयालु र स्नेहवान हुनु अति आवश्यक छ। यसको फलस्वरूप मर्ने बेलामा हामी शान्तिपूर्वक र सुखसाथ मर्न सक्छौं।

मैले भ्रमण गरेका सवैजसो मुलुकहरूमा मैले यही कुरा नै भन्ने गर्छु। चाहे पश्चिमी मुलुकमा होस् वा रसियामै होस्, जहिले पनि म उनीहरू सबैलाई दयालु बनी सबैप्रति भेदभावरहित ढङ्गले मित्रवत् तरीकाले व्यवहार गर्ने र सबैलाई समानरूपले माया ममता प्रदान गर्ने कुरा नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछिको श्लोक यो ग्रन्थ रचना गर्ने संकल्प हो ।

१. **मैले आफ्नो क्षमताले भ्याएसम्म जिन बुद्धका आगम वचनहरूका सार अर्थ, आर्य जिनपुत्र (बोधिसत्त्व) द्वारा प्रशंसित मार्ग र मोक्षाकांक्षी सौभाग्यशालीहरूको प्रवेश द्वारको बारेमा बताउने चेष्टा गर्नेछु ।**

"जिन वुद्धहरूका आगम वचनहरूका सार अर्थ" भन्नाले वैराग हो । "जिनपुत्रद्वारा प्रशंसित मार्ग" भनेको वोधिचित्त हो र "मोक्षाकांक्षी सौभाग्यशालीहरूको प्रवेश द्वार" को अर्थ शून्यता दर्शन हो जसले मोक्ष लाभ गराउँछ । अत: ग्रन्थ रच्ने संकल्पमा रचयिताले यही तीन मूल मार्गका वारे व्याख्या गर्नेछु भन्नुभएको हो र "आफ्नो क्षमताले भ्याएसम्म" भन्नाले आफूले यथासम्भव यस ग्रन्थलाई संक्षिप्त बनाउने प्रयास गर्छु भन्न खोजिएको हो ।

२. **हे जिन बुद्धहरूलाई खुसी पार्ने मार्गमा लागिरहेका र भवसागरका विषयसुखमा आसक्त नभईकन क्षण सम्पदले युक्त आफ्नो जीवनलाई अर्थपूर्ण बनाउनमा तत्पर भइरहेका शौभाग्यशालीहरू प्रसन्नचित्तले सुन्नुहोस् ।**

यहाँ राम्रोसंग ध्यान दिएर विशुद्ध मनले प्रवचन श्रवण गर्नका लागि अनुरोध गरिएको छ । भगवान् बुद्धका उपदेश सुन्नका लागि हामीमा हुनुपर्ने आशयको बारेमा यसले बताउन खोजेको हो । "जिन बुद्धहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुर्लभ मनुष्य शरीर र अनित्य भावनाद्वारा यस जीवनप्रतिको आसक्तिबाट आफूलाई अलग्याएर वैराग्य भावना गरिन्छ भने दोस्रो खण्डमा भवचक्र वा संसारको दोष वा दुःखको विषयमा भावना गरेर भविष्य जन्मप्रतिको आसक्तिबाट छुटकारा प्राप्त गरिन्छ। यसमा त्रिशरणगमनमा केही जोड दिइएको हुन्छ। मार्गक्रम विषयक उपदेशमा भने त्रिपुरुषको चर्चा गरिएको हुन्छ। मध्यम र उत्तम पुरुषका लागि आधार अधम पुरुष भएको हुँदा, भविष्य जुनीलाई सुखमय पार्ने आकांक्षालाई वृद्धि गर्नुपर्ने कुराको नै सर्वप्रथम चर्चा गरिएको हुन्छ र यसमा त्रिशरणगमनको उपदेश समावेश गरिएको हुन्छ। यसरी अलिकति मात्र भिन्नता रहेको देखिन्छ, हगि ? अब मूल ग्रन्थको व्याख्यालाई थालनी गरौं।

म श्रद्धेय गुरुहरूलाई वन्दना गर्दछु।

"श्रद्धेय" भन्ने शब्दलाई तिब्बती भाषामा "जेचुन्" भनिन्छ जसलाई भट्टारक पनि भन्ने गरिन्छ। यसको तात्पर्य भवचक्रका सबै विषयवस्तुहरू वा अष्टलोक धर्मलाई त्यागिसकेका र पूर्णरूपले मुक्तिको रसस्वादन गरिसकेका व्यक्तिलाई नै जेचुन् भन्न सकिन्छ। "लामा" शब्दले त्यस्तो उत्तम पुरुषलाई जनाउँदछ जो बोधिचित्त र शून्यताको दर्शन दुवैवाट समन्वित छन् र जसका कारण आफूलाई अनुत्तर बोधिमा स्थित पार्नुहुन्छ। यहाँ श्रद्धेय वा भट्टारक गुरु भन्नाले चोङ्खापाका गुरूहरूलाई सम्वोधन गरिएको हो जसले उहाँलाई मार्गक्रमको विषयमा उपदेश दिनुभयो। विशेष गरेर यो सम्वोधन उहाँको विशिष्ट गुरु मञ्जुश्रीलाई गरिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैराग भावनालाई हेर्ने दुईटा पक्ष हुँदारहेछन् । पहिलो पक्ष के हो भने वैराग भावना मनमा आएपछि हामी भवसागरका विषयहरुलाई ध्यान दिँदैनौं, यसमा अलिकति पनि अभिरुचि नभएपछि हामीलाई यी सबै कुराहरूमा घिन लाग्न थाल्छ र तिनीहरूबाट पूर्णरूपले अलग हुन खोज्दछौं । अर्को पक्ष के हो भने वैराग भावनाले गर्दा हामी मुक्तितर्फ लक्षित हुन्छौं र जसरी भए पनि त्यो मुक्तिलाई हासिल गरेरै छाड्ने संकल्प गर्छौं । द्विपक्षीय वैराग्य भावना जति जति प्रबल हुँदै जान्छ त्यति त्यति हाम्रो बोधिचित्त पनि बलियो हुँदै जानेछ । बोधिचित्तको सन्दर्भमा पनि यसरी नै तल र माथि गरी हेर्ने दृष्टिकोण दुईटा छन् । वैराग्य र बोधिचित्तको आधारमा हामीमा शून्यताको सम्यक् दृष्टि पनि भएको खण्डमा हामीले मोक्ष वा बोधि प्राप्त गर्न सक्छौं ।

सम्यक् दृष्टि (सही दृष्टि) चार आर्य सत्य देखि सबैमा निहित दुई सत्य (सत्यद्वय - संवृति सत्य र परमार्थ सत्य) मा आधारित हुन्छन् । शरणस्थान भगवान् बुद्धले वाक्द्वारा धर्मचक्रप्रवर्तन गर्नुभयो र विशेषगरी चार आर्य सत्य र दुई सत्यका बारेमा उपदेश दिनुभयो । यी उपदेशहरू कदापि भ्रमित हुन सक्दैनन्, र कहिल्यै मिथ्या हुन सक्दैनन् ।

त्यसकारण यी सत्यहरूलाई वुझ्नुपर्दछ र आफैले बोध गर्नुपर्दछ । बोधिचित्तसहित शून्यतालाई बोध गरियो भने सर्वज्ञ भइन्छ । वैराग्य भावना छ भने मात्र मोक्ष हासिल गर्न सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खुसी पार्ने मार्ग" त्यस्तो मार्ग हो जसमा कुनै खोट छैन, कुनै गल्ती, भ्रम, दोष इत्यादि छैन, जो आफैमा पूर्ण छ जसमा छुटेको कुनै चीज हुदैन। हामीले यस्तो पूर्ण भ्रमरहित मार्गको अनुसरण गरेको खण्डमा बुद्धहरू एकदम प्रसन्न हुन्छन्।

ग्रन्थका मुख्य विषयवस्तुलाई हामीले तीन खण्डमा विभाजन गरेर व्याख्या गर्न सक्छौ। ती हुन् : १. वैरागको व्याख्या, २. बोधिचित्तको व्याख्या र ३. शून्यता परमार्थ दृष्टिको व्याख्या। यी तीन विषयमा क्रमबद्धरूपले शिक्षित हुँदै जाने हो। भवसागरका विषयवस्तु (पञ्चकामगुण) बाट अलग्गिने इच्छालाई वैराग भनिन्छ। यो भावना जति बलियो हुँदै जान्छ, त्यति नै अरूप्रति हाम्रो करुणा पनि बढ्दै जानेछ। उदाहरणको लागि भारतको रेलवे स्टेशनहरूमा हामीले धेरै अन्धा, अपाङ्ग र मगन्तेहरूलाई देख्छौ र उनीहरूप्रति करुणा उत्पन्न गर्नु सापेक्षिकरूपले सजिलो पनि छ। तर हामीसंग वैराग भावना नै छैन भने उदाहरणको लागि ठूल्ठूला शहरहरूमा जाँदा त्यहाँ देखिने मानिसहरू चीजबीजहरूप्रति करुणाको साटो इर्ष्या गर्न पुग्छौ र आफ्नो कुराहरूप्रति घमण्ड गर्छौं। यसको ठीक विपरीत वैराग भावनामा अभ्यस्त भएका छौं भने यो भवसागरका तथाकथित विषयसुखहरूमा लिप्त हुनु कति वाहियात रहेछ भन्ने कुरा राम्रोसित बुझ्ने हुनाले हामी जहाँ गए पनि वा ठूल्ठूला सहर जस्तै न्यूयोर्क इत्यादि ठाउँमा गए पनि त्यहाँका जस्तोसुकै मानिसहरूलाई भेटे पनि हामीमा उनीहरूप्रति उत्पन्न हुने पहिलो भावना नै करुणाको भावना हुनेछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएर जानेछ किनभने यो अनित्य छ र मृत्यु जहिले पनि आउन सक्छ। यसरी हामीले सोच्नुपर्दछ। यसरी अहिले हामीलाई कति दुर्लभ अवसर प्राप्त भएको छ र यसलाई खेर फाल्नु कति मूर्खतापूर्ण हुनेछ भन्ने कुराको बारेमा राम्ररी चिन्तन गर्नुपर्दछ। यस जीवनका विषय-वस्तुहरूप्रतिको आसक्तिलाई यसरी नै भावना गरेर हटाउन सकिन्छ। हाम्रो मनुष्य शरीरलाई एकचोटि हेरौं। हामीले यो शरीर हाम्रा आमा बुवाबाट आएको हो भन्ठान्छौं। साँच्चै गहिरिएर हेरेको खण्डमा यो शरीर क्षण सम्पदको वर्गमा रहेको हामी पाउँछौं। क्षणको अर्थ धर्म अभ्यास गर्ने स्वतन्त्रता वा फुर्सद हो। हामीले यहाँ आएर धर्मको अभ्यास गर्ने फुर्सद वा स्वतन्त्रता पाएका छौं कि छैनौं त ? हामी बहिरा छैनौं र हाम्रा अन्य इन्द्रियहरू पनि सही नै छन्। तिनीहरूका कारण धर्म सुन्नमा हामीलाई कुनै कठिनाइ भएको छैन। धर्मको अभ्यास गर्नका लागि हामीसंग उपयुक्त प्रत्ययहरू पनि छन्, यहाँ कुनै पनि प्रकारको प्रतिकूलता छैन, सबै अनुकूल नै छन्। वास्तवमा हामीसंग आठ क्षण र दश सम्पद्हरू छन्। मनुष्य चोला हुनेहरू त संसारमा असंख्य छन्। तर थोरैले मात्र धर्मको अभ्यास गर्ने स्वतन्त्रता वा फुर्सद पाएका छन्। यस्तो दुर्लभ अवसर हामीले पाएका छौं। त्यसैले हामी असाध्यै भाग्यमानी छौं। भगवान् बुद्धको उदाहरण पछ्याइरहेका र उहाँकै कार्यहरू गरिरहेका कल्याणमित्रहरू पनि यस संसारमा विद्यमान हुनुहुन्छ। हामीले पूर्वजन्ममा यस्तै प्रकारका कुशलमूल सञ्चय गरेर आएका थियौं र त यस्तो असल फल अहिले हामी भोग्दैछौं। यदि राग, द्वेष वा मोहरहित भएर अभ्यास गरेको खण्डमा भविष्यमा पनि यस्तै दुर्लभ मनुष्य शरीर लाभ गराउने कुशल मूलहरूको सञ्चय गर्नमा त्यति कठिनाइ हुनेछैन। तर वास्तवमा हामीले त्यस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. विशुद्ध वैराग भावनाको अभावमा भवसागरको सुखद फल खोज्ने आसक्तिलाई शान्त पार्ने उपाय छैन । भव-आसक्तिले गर्दा देहधारी सत्त्वहरू निरन्तररूपमा बन्धनमा फसेका छन् । त्यसकारण सर्वप्रथम वैराग भावना जागृत गर्न भरमग्दुर प्रयत्न गर ।

यहाँ "विशुद्ध वैराग" भन्ने दुईटा शब्द प्रयोग भएका छन् । वैराग किन विशुद्ध हुनुपर्छ भनिएको छ भने भवसागरका कुनैपनि राम्राराम्रा कुराहरू वा लोभलाग्दा विषयवस्तुहरूबाट आफू पूर्णरूपमा अलग हुनुपर्दछ । यस्तो विशुद्ध वैराग छैन भने र सांसारिक कुराहरू वा अष्टलोक धर्ममै टाँस्सिएर बस्यौं भने मोक्ष लाभ गर्ने कुनै पनि उपाय रहने छैन । हाम्रा कर्महरू जतिसुकै राम्रा भए तापनि राग र आसक्तिका कारण भवसागर तरेर जान सकिन्न । त्यसकारण हामीले वैराग भावना जागृत गर्नैपर्छ । तर वैराग भावना कसरी जागृत गर्ने त ?

४. अति दुर्लभ क्षण सम्पद र हाम्रो यस अति क्षणभङ्गुर मनुष्य शरीरका बारेमा गहिरो भावना गरेमा हाम्रो इहलोक (यस जीवन)का भ्रान्तिहरूप्रतिको आसक्ति निवृत हुनेछ र बारंबार अचूक कर्म फल र भव दुःखका बारेमा गहिरो भावना गरेमा परलोक (पुनर्जन्म) का भ्रान्तिहरूप्रतिको आसक्ति पनि निवृत भएर जानेछ ।

यस दुर्लभ मनुष्य जन्म अहिले हामीलाई प्राप्त भएको छ । हामीले यसको बारेमा सोच्नुपर्छ । यो मनुष्य शरीर दुर्लभ भए पनि तुरुन्तै नष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छ । यो बीजलाई समयमै नहटाइकनै हामी शान्तिपूर्वक रहनै सक्दैनौं । अतएव हेतुफलका बारेमा अति स्मृतिवान् भएर भावना गर्दा हामीले दु:खका सवै वीजहरूलाई हटाउने प्रवल इच्छा प्रकट गर्छौं ।

विभिन्न समयहरूमा हामीले जन्म, जरा, व्याधि र मरणका दु:खहरू भोग्दै आइरहेका छौं । हामीले जतिसुकै औषधि खाए पनि जरालाई रोक्न सक्दैनौं, व्याधिलाई रोक्न सक्दैनौं । हाम्रो शरीर नै यी जन्म, जरा, व्याधि र मरणका दु:खहरूको प्रमुख कारण हो । किनभने शरीर भएपछि यी सबै जन्म, जरा, व्याधि र मरण पनि साथैमा आइहाल्छन् । हाम्रो यो शरीर उपादान संस्कृत स्कन्धहरूको पिण्ड हो । अर्को शब्दमा भन्नुपर्दा, कर्म र क्लेशबाट यो देह बनेको छ । यसको मूल हेतुलाई हटाइएन भने दु:ख सधै भई नै रहनेछ । धेरै नै परस्पर प्रतिकूल र विरोधी शक्तिहरूको पिण्ड हो हाम्रो यो देह । उदाहरणको लागि हाम्रो शरीरका तातो र चिसो शक्तिलाई लिनुहोस् । हामीलाई ज्वरो आएको छ भने चिसो पार्ने औषधि खान्छौं, तर त्यों औषधिको पनि धेरै सेवन गरेमा फेरि सर्दी लाग्नेछ । यस रुघाखोकीको रोगलाई निको पार्न तातो पार्ने औषधि खान्छौं तर त्यो पनि अधिक सेवन गरेमा फेरि पारा चढेर उष्ण रोगले हामीलाई समात्नेछ । हाम्रो शरीरमा शीतोष्णको मात्राको जति सन्तुलन हुनुपर्छ त्यति भयो भने हामी निरोगी छौं भन्छौं । तर यो सधैंभरि रहनेवाला छैन । यो अनित्य छ र कुनै सानो गडबडीले पनि यो सन्तुलन फेरि गुम्न पुग्छ । यही कुरालाई आचार्य आर्यदेवको **चतुशतक** भन्ने ग्रन्थमा पनि बताइएको छ । चतुशतक मा भनिएझैं यो शरीर परस्पर विरोधी शक्तिहरूको पात्र हो जसबाट मात्र दु:ख बाहेक केही पाउन सकिन्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभ्यास विरलै गरेका छौं, त्यसैले अहिले हामीलाई उपलब्ध भएको वर्तमान अवसरको यथासंभव लाभ उठाउने प्रयास गर्नुपर्छ । कहिल्यै निरुत्साहित वा लघुताभासले ग्रसित हुनुपर्दैन । आफूले जति सकिन्छ त्यति धेरै कुशल अभ्यासहरू गरिरहनुपर्छ ।

मृत्यु र अनित्यका विषयमा भावना गर्ने धेरै नै उपदेशहरू छन्, जस्तै मृत्यु निश्चित छ तर कहिले मृत्यु हुने हो त्यो कुरा पूर्णरूपले अनिश्चित छ इत्यादि विषयहरूमा भावना गर्न सकिन्छ । जुनै बेला पनि हाम्रो मृत्यु हुन सक्दछ र धर्मबाहेक मृत्युको बेलामा हामीलाई साथ दिने अरू कुनै पनि छैन । हाम्रो मृत्यु र परलोकका बारेमा अहिले नै केही नसोच्ने वा केही नगर्ने हो भने हामीलाई हानि सिवाय केही हुनेवाला छैन । जति हामी मरणानुस्मृतिको विषयमा भावना गर्छौं, त्यति नै हाम्रो यस जीवनका विषयवस्तुप्रतिको आसक्ति कम हुँदै जानेछ ।

त्यसपछि हामीले अचूक कर्म-फलको नियम को बारेमा भावना गर्नुपर्दछ । हुन तः विस्तृतरूपले कर्म-फललाई बुझ्नु कठिन छ तर पनि सामान्य अर्थमा हामीले के वुझ्नुपर्दछ भन्दा कुशल कर्मबाट कुशल फल नै पाइन्छ र अकुशल कर्मबाट अकुशल फल नै प्राप्त हुन्छ । तर कर्मफल निश्चित र अचूक छ । कुशल कर्मको फलस्वरूप निश्चितरूपले सुख नै प्राप्त भइन्छ र अकुशल कर्मको फलस्वरूप ढिलो वा चाँडो दुःख नै हुनेछ । हाम्रो चित्त सन्ततिमा दुःखको बीज रोपिएको छ भने हामी कसरी सन्तुष्ट भएर आरामका साथ वस्न सक्छौं ? यो टाइम बम् जस्तै हो, खालि समयको मात्र कुरा हो, तर बम् चाँहि निश्चितरूपले पड्किने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यागनुपर्छ। हाम्रो कर्म क्लेश नै निवृत भइसकेपछि हामीले यी संस्कृत उपादान स्कन्धहरू कहिल्यै धारण गर्ने छैनौं, र दु:ख पनि भोग्नुपर्ने छैन। मोहरूपी क्लेश सबै धर्महरूलाई भावका रूपमा ग्राह गर्ने अविद्याबाट उत्पन्न हुन्छ। सबै धर्महरू नि:स्वभाव छन् भन्ने तथ्यको बोध भएमा हाम्रा सबै मोहरूपी क्लेशहरू धर्मधातुमा विलीन हुन्छन्, निवृत हुन्छन्। त्यसैले हामीलाई अति आवश्यक पर्ने कुराहरु यही नै हुन्।

५. यसरी भावना गरिसकेपछि भवसागरका विषयसुखका प्रति एकछिन पनि आसक्त हुनेछैनौं। दिनरात निरन्तररूपले मोक्षको मात्र चाहना गरिराख्न सक्यौं भने मानौं त्यतिबेला हामी वैराग्य चित्तको उत्पाद गर्नमा सफल भयौं।

यसरी हामीले वैराग्य भावना जागृत गर्नैपर्छ। त्यसपछि हामीलाई बोधिचित्तको आवश्यकता पर्दछ।

६. वैराग्य भावना उत्पन्न भए पनि यदि यसलाई बोधिचित्तले समाएन भने अनुत्तरबोधिको महासुखका लागि हेतु बन्न सक्दैन। त्यसकारण बुद्धिमान व्यक्तिहरुले उत्तम बोधिचित्तोत्पाद गर्नुपर्दछ।

माथि भनेबमोजिम बोधिचित्तको अभावमा हामीले बोधि प्राप्त गर्न सक्दैनौं।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामीलाई यो शरीर असाध्यै सुन्दर लाग्छ तर यस शरीरलाई एकचोटि मनमनै चिरफार गरेर हेरौं र हरेक अङ्गप्रत्यङ्गलाई छुट्टाछुट्टै नियालौं । जस्तै जरैदेखि उखेलिएको टाउकाका एउटा रौंलाई हेरौं, अनि कानलाई हेरौं, आँखा, छाला, मुटु, फोक्सो इत्यादिलाई यसरी छुट्टाछुट्टै हेरौं । ती सब चीजहरू हेरेर हामीलाई घिन् लाग्ने हुन्छ । अलिकति पनि राम्रा वस्तुहरू होइनन् ती । त्यस्तै हाम्रो शरीरबाट निस्किने पदार्थहरू जस्तै मल, मूत्र, सिंगान इत्यादि अलिकति पनि राम्रा वस्तु होइनन् । बाटामा हामीले यस्ता फोहर पदार्थहरू देख्दा तिनका दुर्गन्धबाट बच्न नाक थुनेर हिड्छौं । तर यी सबै दुर्गन्धित फोहर बस्तुहरू कहाँबाट आएका हुन् त ? त्यो जमीनबाट त त्यसै आएका होइनन्, हाम्रै शरीरबाट त आएका हुन् नि ।

त्यसैले हाम्रो यो शरीर कसरी सफा शुद्ध हुन सक्दछ, यो त फोहर पदार्थहरूको मुहान हो । हाम्रो शरीर आमाबुबाको शुक्रकीट र अण्डबाट आएको हो, तर ती सबै पदार्थहरूलाई लिएर टेबुलमाथि राखेर हेर्ने हो भने जुनसकै मानिसलाई पनि घिन लाग्न सक्छ । तर पनि हामी यी पदार्थहरूमा यति धेरै आसक्त छौं किनभने हाम्रो (सुन्दर) भौतिक रूप वा तत्वका श्रोत ती सबै नै हुन् । यी सबै भएर पनि ती पदार्थहरू आफै यति धेरै घिनलाग्दा छन् । यदि हामी चालीस वर्षसम्म बाँचिसकेका रहेछौं भने एकातर्फ यति लामो समयसम्ममा हामीले खाएका सबै खाद्यपदार्थहरूको बारेमा सोच्नुहोस्, र अर्कातर्फ हाम्रो शरीरले परिणत गरेर बाहिर फालेका मलमूत्रका बारेमा सोच्नुहोस् । यस्तो घिनलाग्दो काम गर्ने यो शरीर कसरी सफा र सुन्दर हुन सक्छ ? त्यसकारण यस्तो शरीरप्रतिको आसक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वाभाविकरूपले जन्मजन्मान्तरसम्म हामीले तीनवटा दु:खहरू भोग्छौं। यहीं कुरा यहाँ भन्न खोजिएको हो। यी तीन दु:खहरू दु:ख दु:ख, विपरिणाम दु:ख र संस्कार दु:ख हुन्। हाम्रा सबै माता सत्वहरूको पनि त्यही दशा भएका हुँदा बोधिचित्तोत्पाद गरेर हामीले उनीहरूको उद्धार गर्नुपर्दछ।

अर्को श्लोक शून्यतासंग सम्बन्धित छ।

९. वैराग्य र बोधिचित्त दुवैको भावना गरिएको भए तापनि यदि यथाभूत दर्शन गराउने प्रज्ञाको भावना गरिएको छैन भने भवमूललाई छेदन गर्न सकिन्न। त्यसकारण प्रतीत्यसमुत्पादलाई बोध गर्ने उपायहरूका निम्ति लागि प्रयत्नरत रहनुपर्दछ।

श्रद्धेय गुरु जेचोङ्खापा सुमतिकीर्तिको यहाँ मुख्य तात्पर्य के हो भने प्रतीत्य समुत्पादको अर्थ शून्यता नै हो र शून्यताको अर्थमा प्रतीत्यसमुत्पादलाई नै बुझिन्छ। त्यसैले शून्यतालाई प्रतीत्यसमुत्पादका रूपमा बुझ्ने उपायहरू अवलम्बन गर्नेतिर हामी प्रयत्नरत रहनुपर्दछ। तर यसलाई कसरी बुझ्ने त ?

१०. जसले संसार र निर्वाणका सबै धर्महरूको हेतुफलको नियमलाई भ्रान्तिरहितरूपमा राम्ररी जानिसकेको छ, जसका स्वभावसिद्धरूपमा अवभासित भएका सबै विज्ञप्तिहरू निर्मूल भइसकेका छन्, त्यस्ता व्यक्तिले मात्र बुद्धहरूलाई प्रसन्न पार्ने मार्गमा प्रवेश गरेको हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७-८. चार भयावह नदीहरूका छालमा बगिँदै फुकाउन कठिन कर्मका बलिया बन्धनमा बाँधिदै आत्मग्राहका फलासे जालमा अल्झिँदै, अविद्याको अन्धकारमा कुंठित हुँदै यस असीम भवचक्रमा जन्मजन्मान्तरदेखि तीन प्रकारका दुःख भोग्दै आइरहेका छन् आमा प्राणीहरू । सबै आमा प्राणीहरूको यस्तो दुर्दशा देखेर उत्तम वोधिचित्तोत्पाद गर्नुपर्दछ ।

"चार भयावह नदीहरूका छालमा बगिँदै" को अर्थ जन्म, जरा, व्याधि र मरणका चार दुःखहरू हुन् । हामी "फुकाउन गाह्रो अकुशल कर्मका बलियो बन्धनमा" बाधिँएका छौं । ती कर्महरूले आफ्नो विपाक फल दिएरै छाड्नेछन् । यो कुरा निश्चितै छ । तत्व स्वरूप (यथाभूत स्वरूप) देख्न नसकेर हामी "आत्मग्राहको फलामे जालमा अल्झिएका छौं र अविद्याको घोर अन्धकारमा कुंठित भएका छौं । हामी पुद्गल र धर्महरूलाई सस्वभावका रूपमा ठान्दछौं वास्तवमा पुद्गल र धर्म निःस्वभाव छन् अर्थात् पुद्गल नैरात्म्य र धर्म नैरात्म्य । क्षण-क्षणमै परिवर्तन भइरहने उपादान स्कन्धहरूको सन्ततिलाई आधार मानेर "म" भन्ने संज्ञा त्यही सन्ततिमा आरोपित गरिन्छ । तर अविद्यावश् हामी त्यही "म" जुन् त्यही परिवर्तनशील सन्ततिमा आरोपित गरिएको हो त्यसमा ग्राह गर्न पुग्दछौं र त्यसलाई गलत ढङ्गले नित्य, अचल र आफ्नै स्वभावले युक्त र खोज्दा भेट्टिने वस्तुका रूपमा परिकल्पना गर्न पुग्छौं । यही अविद्याको अन्धकारले हामीबाट थुप्रै अकुशल कर्मका बीजहरूको सञ्चय गराउँदछ जसको कारण हामी कर्मको फलामे जालोमा फ्याकिन्छौं र कर्म र क्लेशको बन्धनमा हामी नराम्रोसंग फस्न पुग्छौं । ती सबैको फलस्वरूप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१२. यी दुई दर्शनलाई एकपछि अर्को किसिमले होइन कि साथसाथै वा एकैसाथ युगनद्ध किसिमले साक्षात्कार गरिएको खण्डमा अभ्रमित प्रतीत्यसमुत्पादको दर्शनले मात्र पनि धर्मलाई स्वभावसिद्धरूपमा हेर्ने सबै प्रकारका भ्रान्तिमय विज्ञप्तिहरूलाई नाश गर्ने असन्देह पैदा गराउँदछ। त्यो असन्देह पैदा भएपछि मात्र सम्यक् दृष्टिको प्रविचय वा जाँच पूरा भएको ठहरिन्छ।

अब हामीले के कुरामा ध्यान पुऱ्याउनुपर्दछ भने सबै धर्महरू प्रतीत्य समुत्पन्न भएकाले रूपहरू हेतुप्रत्ययमा आश्रित भएर मात्र उत्पन्न हुने भएकाले (संवृति सत्य) धर्महरूको स्वलक्षणसत्ता छैन, धर्महरू निःस्वभाव छन् (त्यसैले प्रज्ञापारमिता सूत्रहरूमा "सर्वे धर्मा निःस्वभावता:" भनिएको हो)। धर्महरू उत्पन्न हुनका लागि हेतु प्रत्ययको किन आवश्यकता पर्दछ भने ती धर्महरूको आफ्नै स्वतन्त्र स्वभाव सत्ता छैन। सबै धर्म प्रतीत्यसमुत्पन्न छन्, सबै कार्यकारण वा हेतुफलमा आश्रित छन् भन्ने तथ्य जति राम्रोसंग बुझिन्छ, त्यसप्रति हाम्रो अटल विश्वास जति प्रबल हुँदै जान्छ धर्महरूको लक्षण निःस्वभावता वा शून्यताका बारेमा हाम्रो ज्ञान र विश्वास पनि त्यति नै प्रबल बन्दै जानेछ। त्यसरी नै शून्यतालाई राम्ररी साक्षात्कार गरिएमा प्रतीत्यसमुत्पाद पनि राम्रोसंग नै बुझिन्छ। यी दुईबीच अन्योन्याश्रित सम्बन्ध छ। दुवैलाई एकैसाथ युगनद्धरूपमा बुझेपछि मात्र शून्यताको सही विश्लेषण (प्रविचय) गरेको ठहरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसार र निर्वाणका सबै धर्महरू हेतु फलको अधीनमा छन् (सर्वे धर्मा हेतु प्रभवा:)। यो कुरा कहिल्यै मिथ्या हुन सक्दैन। यो कुरा बुझेर स्वलक्षणसिद्धरूपमा ग्रहण गर्ने सबै भ्रामक विज्ञप्तिहरू निर्मूल भइसकेपछि मात्र कोही व्यक्ति बुद्धहरूलाई प्रसन्न पार्ने मार्गमा प्रवेश गरेको ठहरिन्छ। शून्यतालाई साक्षात्कार गरिसकेपछि स्वभावसिद्ध अथवा स्वलक्षणसिद्ध रूपमा ग्रहण गर्ने ग्राहक विज्ञान रहने छैन। यस प्रकारले स्वलक्षणसत्ता वा स्वभावसत्ताका रूपमा ग्राह गर्ने मूल आधार नै निर्मूल भइसकेपछि यस्ता भ्रान्तिमय विज्ञप्तिहरू पनि उत्पन्न हुन पाउँदैनन्।

११. रूप अविसंवादक (अभ्रमित) प्रतीत्यसमुत्पाद हो भने शून्यता भावाभावग्राहले रहित दर्शन हो। यी दुईलाई जबसम्म अलग–अलगरूपमा हेरिन्छ तबसम्म शाक्यमुनि बुद्धको मत वा आशयलाई अझसम्म पनि बुझिएको हुन्न।

शून्यतालाई साक्षात्कार गरिसकेपछि औंला ठड्याएर यो त्यो भनेर देखाउन सकिने कुनैपनि वस्तु भेटिन्न। परमार्थतः विश्लेषण (प्रविचय) गर्ने हो भने सबै वस्तुहरू (धर्महरू) अनुपलब्ध छन्। तैपनि अर्कोतर्फ धर्महरू केवल प्रतिभासित रूपहरू मात्र रहेछन् भन्ने कुरा पनि बुझ्न सक्दछौं। अनुपलब्धता र प्रतिभासित रूप यी दुईटालाई पूर्णरूपले अलग अलग, एक आपसमा भिन्न दर्शनका रूपमा लिइएको खण्डमा शून्यता र सत्यद्वयका सम्वन्धमा वुद्धको आशयलाई अझैपनि नवुझिएको नै ठहरिनेछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्को श्लोक अभ्याससंग सम्बन्धित छ :

१४. यसरी त्रिमूलपथका मूल कुराहरूलाई राम्रोसंग बुझिसकेपछि अरण्याश्रित भई वीर्यबल उत्पाद गरेर शीघ्र आफ्नो परम लक्ष्य पूरा गर्नू, हे पुत्र ।

वैराग्य, बोधिचित्त र शून्यताका विषयमा सम्यक् प्रवचन श्रुतमयी वलले श्रवण गरिसकेपछि सो प्रवचनलाई चिन्तन र विश्लेषण गर्नुपर्दछ। त्यसरी चिन्तन गर्दा गर्दै त्रिमूलपथका सबै अर्थमा गहिरो ज्ञान र विश्वास भइसकेपछि अरण्यवासमा ती उपदेशलाई ध्यानाभ्यासद्वारा साक्षात्कार गर्नेतिर स्वयंलाई समर्पित गरिनुपर्दछ। पहिलेका प्रसिद्ध गुरुहरू जस्तै प्रसिद्ध योगी मिलारेपा, ग्याल्वा एन्सापा र उनका शिष्यहरू खेडुप साङ्गे इत्यादिले गरेर जानुभएजस्तै हामीले पनि एकदम ठूलो परिश्रमका साथ त्यस्तो अभ्यास गर्नुपर्छ । त्यसपछि मात्र हामी बोधिको परम लक्ष्यसम्म पुग्न सक्दछौं । "हे पुत्र" भन्ने सम्बोधन यहाँ श्रद्धेय गुरु चोङ्खापा सुमति कीर्तिका निकटतम शिष्य वागीश्वर कीर्तिलाई गरिएको हो । वागीश्वर कीर्तिको बारेमा पहिले नै उल्लेख भइसक्यो ।

"त्रिमूलपथ" सम्बन्धी छोटो टीका यहीं समाप्त हुन्छ। यो अति नै महत्वपूर्ण ग्रन्थ हो र यसमा सम्पूर्ण सूत्र र तन्त्र मार्गको सार समावेश छ। शून्यता सम्बन्धी उपदेश अलि कठिन नै छ, छ कि छैन भन्नुहोस् त ? सही पारिभाषिक शब्दहरू नै थाहा नपाइकन सम्यक् दृष्टि, सत्यद्वय, शून्यता इत्यादिका बारेमा बोल्दा हामीलाई बुझ्न कठिन हुन्छ। सूत्र वर्गमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३. यी बाहेक, रूपले शाश्वतान्तलाई हटाउँदछ, शून्यताले उच्छेदान्तलाई हटाउँदछ । जब तिमीले शून्यताको दृष्टिले हेतुफलको उत्पतिलाई देख्छौं वा बुझ्दछौं तिमी द्वयान्तमध्ये कुनैमा पनि फस्ने छैनौ ।

प्रायः यसरी व्याख्या गर्ने गरिन्छ : रूप (संवृति सत्य) द्वारा उच्छेद अन्त हटिन्छ । रूपहरू वा वस्तुहरू विल्कुलै छँदै छैनन् भन्न सकिन्न किनभने हामीले रूपहरूलाई त देखिराखेका नै छौं । त्यसरी नै शून्यता (परमार्थ सत्य) द्वारा शाश्वत अन्त हटिन्छ । वस्तुहरूको स्वलक्षणसत्ता हुँदैन किनभने वस्तुहरूको त्यस्तो स्वभाव होइन । तर हामीले ठीक उल्टो किसिमले सोचिराखेका हुन्छौं । त्यसैले रूप सत्य (संवृति सत्य) द्वारा भाव अन्त हटिन्छ वा त्यागिन्छ । किनभने वस्तुहरू उत्पन्न हुनलाई निःस्वभाव हुनैपर्छ, प्रतीत्यसमुत्पन्न हुनैपर्दछ । धर्महरूको उत्पादले स्वभावसिद्धता वा स्वलक्षणसिद्धताका सवै सम्भावनाहरूलाई हटाइदिन्छ । त्यस्तै शून्यताद्वारा अभाव अन्त हटिन्छ । कुनै धर्म निःस्वभाव छ भन्नुको अर्थ त्यो धर्म प्रतीत्यसमुत्पन्न हुनुपर्दछ भन्ने हो, तर त्यो धर्मको अस्तित्व नै छैन भन्ने चाहिँ विलकुल होइन । त्यसकारण शून्यताद्वारा अभावको अन्त हटिन्छ । यो श्रद्धेय गुरु चोङ्खापा सुमतिकीर्तिको विशेष युक्ति हो । छ्योडी रिन्पोछेद्वारा विरचित प्रतीत्यसमुत्पादस्तूति ग्रन्थटीकामा पनि उस्तै खालको युक्ति प्रस्तुत गरिएको पाइन्छ । त्यसैले वस्तुहरू निःस्वभाव छन् किनभने ती सवै प्रतीत्यसमुत्पन्न छन् र त्यस्तै किसिमले वस्तुहरू प्रतीत्यसमुत्पन्न छन् किनभने ती सवै शून्य छन् । यस प्रकारले वुझिसकेपछि भावग्राह वा अभावग्राह यी दुई अन्तमध्ये कुनै पनि अन्तमा फसिन्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संक्षेपमा केही निश्चित प्रणालीका बारेमा हामीलाई केही थाहा छैन भने हामीले त्यसको बारेमा केही पनि बोल्नु हुँदैन र आलोचना त पक्कै पनि गर्नै हुँदैन । भेदभावरहित आचरणको आधारमा मात्र हामीले भदन्त भगवान् बुद्धका उपदेशलाई पूर्णरूपले जान्न सक्नेछौं ।

शब्द र अर्थ

१)	वैराग	- संसारलाई छाड्ने संकल्प
२)	बोधिचित्त	- अरुको हित गर्ने संकल्प
३)	सम्यक दृष्टि	- सही दृष्टि, सही ठम्याइ
४)	क्लेशावरण	- मानसिक दोष वा आसक्ति
५)	ज्ञेयावरण	- ज्ञानलाई बुझ्न नदिने दोष
६)	दैवीमान	- दैवी घमण्ड
७)	संवृति सत्य	- व्यावहारिक सत्य
८)	परमार्थ सत्य	- अन्तिमको सत्य
९)	पाँच इन्द्रिय	- आँखा, कान, नाक, जिब्रो, त्वचा
१०)	लघुताभास	- आफू तूच्छ भएको भान
११)	स्कन्ध	- थुप्रो, राशी
१२)	द्वयान्त	- शाश्वतान्त र उच्छेदान्त
१३)	आत्मग्राह	- आत्मालाई अँठ्याँउनु
१४)	प्रतीत्यसमुत्पाद्	- हेतु-फलको सिद्धान्त
१५)	शाश्वातान्त	- नित्य वस्तु पक्रने दृष्टि
१६)	उच्छेदान्त	- केही पनि छैन भन्ने दृष्टि
१७)	क्षणसम्पद	- फुर्सद र सम्पत्ति
१८)	अरण्याश्रित	- एकान्तमा रहनु
१९)	अनुमोदन	- खुशी व्यक्त गर्नु
२०)	भवचक्र	- सांसारिक चक्र, जन्म र मृत्युको चक्र
२१)	'निस्वभाव	- स्वभावैले शून्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्ता कुराहरूलाई चार दार्शनिक भारतीय परम्पराले विशेष एवं भिन्न शैलीमा व्याख्या र प्रतिपादन गर्दछन् । तन्त्रका चार वर्गले पनि यसरी नै व्याख्या गर्दछन् । तिब्बतका चार परम्पराहरूमा पनि यिनलाई व्याख्या र प्रतिपादन गर्ने भिन्नाभिन्नै र विशिष्ट सन्दर्भ एवं प्रणाली छन् । हामीले ती सबैको जानकारी राख्नुपर्दछ जसको फलस्वरूप कुन शब्द कुन सन्दर्भमा भनिएको हो भन्ने कुरा हामी बुझ्छौं । अतः हामी भ्रममा पर्ने छैनौं । एउटा प्रणालीमा मात्र विज्ञ हुँदा अर्काका भिन्न प्रणालीका बारेमा कुनै पनि जानकारी नभएको कारणले अर्काको प्रणालीको आलोचना वा दोष देखाउँदै हिंड्नु भयंकर ठूलो गल्ती हो । **रत्नावली** र **बोधिचर्यावतार**मा बताइएजस्तै यस्तो अवस्थामा बरु तटस्थ एवं केही पनि नभनिकन चूप रहनु नै बेश ।

एउटै परम्पराभित्र वा भनौं एउटै गेलुग् परम्पराभित्र पनि सूत्रबमोजिम पनि शून्यताको अर्थ लगाइन्छ र तन्त्रबमोजिम पनि । शून्यता विषयको सूक्ष्मताको सन्दर्भमा सूत्र र तन्त्रमा कुनै भिन्नता छैन । शून्यता साक्षात्कार गर्ने चित्तका सन्दर्भमा भने भिन्नता पाइन्छ । यसको अतिरिक्त, संवृति र परमार्थ सत्य तथा यी दुई सत्यको भावनाको सम्वन्धमा निरुक्ति र व्याख्या पनि बेग्लै हुन्छन् । अनुत्तरयोग वर्गका तन्त्रमै पनि विभिन्न प्रणालीहरू पाइन्छ र हरेकका आ-आफ्नै भिन्नता हुन्छ । उदाहरणका लागि गुह्यसमाज तन्त्रमा बताइएको उपायको रूपरेखा कालचक्र तन्त्रको भन्दा भिन्न छ । चिन्तन र प्रत्यक्ष भावनाका मार्गहरूमा पनि भिन्नता पाइन्छ । यी सबै प्रणालीहरूको अध्ययन गरेनौं भने हामीले वुझ्न सक्दैनौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसका बारे विस्तृत जानकारीका लागि आचार्य गम्पोपाविरचित सद्धर्मचिन्तामणिमोक्षरत्नालंकारको दुर्लभ मनुष्य शरीर अध्याय पढ्नुहोला ।

५. उपादान स्कन्ध ग्रहण गर्नु आफैमा दुःखको एउटा रूप हो । त्यस बाहेक यी नाना प्रकारका दुःखहरू देखापरिरहन्छन्, दुःख दुःखता भनेकै त्यहीं हो । यो दुःख दुई प्रकारको हुन्छ : दुर्गतिको दुःख र सुगतिको दुःख । दोश्रो प्रकारको दुःखलाई विपरिणाम दुःखता किन भनिएको हो भन्दाखेरि संसारमा जति पनि सुख छन्, ती सबै आखिर दुःखमै परिणत हुन्छन् । उपादान–स्कन्ध लाई ग्रहण मात्र गरेको खण्डमा पनि व्यक्ति संस्कार दुःखताले पीडित हुनपुग्छ । यसका बारे विस्तृत जानकारीका लागि आचार्य गम्पोपाविरचित सद्धर्मचिन्तामणिमोक्षरत्नालंकारको संसारको दुःख अध्याय पढ्नुहोला ।

५. यस सम्बन्धी आचार्य शान्तिदेवले बोधिचर्यावतार मा यस्तो भन्नुभएको छ :

इमं चर्मपुटं तावत्स्वबुद्ध्यैव पृथक्कुरु ।
अस्थिपञ्जरतो मांसं प्रज्ञाशस्त्रेण मोचय ॥ बोधिचर्यावतार - ५/६३

अर्थात् पहिले आफ्नो बुद्धिले चिन्तन गर्दै छालाको थैलो निकालेर हेर, त्यसलाई पनि प्रज्ञारूपी शस्त्रले छुट्टयाएर अस्थिपञ्जरबाट भिन्न गर । अस्थिहरू, मज्जा हेर्दै जाऊ र आफैं विचार गर तिमीले केही सारयुक्त चीज भेट्टायौ त ?

६. श्रावकयानका सबै परम्पराहरूमा भवसागरलाई संस्कृत र निर्वाणलाई असंस्कृत धर्म मानिन्छ । यहाँ हेतु प्रत्ययको अधीनमा रहेको धर्मलाई संस्कृत र सोको अधीनमा नरहेको धर्मलाई असंस्कृत धर्म भनिन्छ । निर्वाण (सोपाधिशेष र अनुपाधिशेष) मा तर महायानमा त्यो निर्वाणलाई वास्तविक निर्वाणका रूपमा लिइन्न । माध्यमिकको प्रासंगिक मत अनुसार त्यो निर्वाण पनि अझै हेतु प्रत्ययकै अधीनमा रहेको हुन्छ, प्रतीत्यसमुत्पन्न नै हुन्छ । वास्तविक मोक्ष त बुद्धत्व लाभ गर्नु नै हो । त्यसैले संसार र निर्वाणका सबै धर्महरू हेतुप्रत्ययकै अधीनमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थका पृष्ठटिप्पणीहरूः

१. वोधिचित्तको व्याख्या असंगविरचित अभिसमयालंकार ग्रन्थमा यसरी गरिएको छ।
चित्तोत्पादः परार्थाय सम्यक्संबोधिकामता ।
समासव्यासतः सा च यथासूत्रं च चोच्यते ॥ १९ ॥
अभिसमयालंकार बुद्धो भवेयं जगतो हितायेत्यनुत्तरसम्यक्सम्बोधिनिमित्तं चित्तमुत्पादयितुम् ॥
हरिभद्रविरचित अभिसमयालंकारालोक

२. अष्टलोक धर्म भन्नाले १. लाभ, २. अलाभ, ३. सुख, ४. दुःख, ५. मान, ६. अपमान, ७. यश र ८. अपयश हुन्।

